नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

औषधी व्यवस्था विभागको

अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०७६/०८/३०

राजधानी दैनिकको हवाला दिंदै केही अनलाईन खबरले "अत्यन्तै डरलाग्दो खुलासा: भारतमा फेल भएका औषधी नेपाल पठाईने" समाचार शिर्षक राखेर समाचार प्रकाशित भएकोमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालमा पैठारी हुने विदेशी औषधीहरुको SRA देश बाहेक सम्बन्धित उद्योगको निरीक्षण पश्चात उक्त उद्योग कम्तिमा WHO GMP स्तरको भएमा मात्र विद्यमान ऐन कानुन, नियमावली, कार्यविधि अनुसार तोकिएको प्रक्रिया पुरा गरी मापदण्डभित्र रहेका औषधी मात्र प्रत्येक विभागमा दर्ता गर्ने गरिएको छ। औषधी जस्तो सम्वेदनशील विषयमा यस प्रकारका हल्का र तथ्यहीन समाचार सम्प्रेषण गर्दा आम उपभोक्ता तथा सरोकारवालामा भ्रम सिर्जना हुने हुँदा तथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न अनुरोध गरिन्छ। यस विभागमा दर्ता भै नेपाली बजारमा रहेका कुनै पनि औषधीको गुणस्तरको सम्बन्धमा कुनै पनि गुनासा भएमा औषधीको नाम, व्याच नं. र उत्पादकको नाम सहित जानकारी दिनुहुन समेत अनुरोध गरिन्छ।